# श्रमज्योति वचत तथा ऋण सहकारी संस्था लि.
## Shramjyoti Saving & Credit Co-operative Ltd.
बागबजार-२८, काठमाण्डौं
फोन नं. ४२२९६८०, फ्याक्सः ४२२९६८१
Email: shramjyotic_2057@yahoo.com, shramjyotic2057@gmail.com
Website: www.shramjyoti.com.np


श्रमज्योति वचत तथा ऋण सहकारी संस्था लि.
बागबजार-२८, काठमाडौं

मितिः..........................

**विषयः डेविट कार्ड उपलब्ध गराई दिने सम्बन्धमा ।**

महोदय,

यस सहकारी संस्थाद्वारा प्रचलित विनियम, नीति, निर्देशिका कार्यविधि तथा बन्देजहरुको अधिनमा रही उपलब्ध हुने डेविट कार्डको प्रयोग गर्न मञ्जुर हुँदै संस्थाको नियमानुसार डेविट कार्ड उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु/छौं । साथै मेरो/हाम्रो कार्ड स्थगन गर्ने निवेदन नआएसम्म निरन्तर नवीकरण गराईदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

## तपशिल

सदस्य नं.:

सदस्यको नामः

डेविट कार्ड लिन चाहेको बचत खाता नं.:

लिंगः ☐ महिला ☐ पुरुष    वैवाहिक स्थितिः ☐ विवाहित ☐ अविवाहित

सम्पर्क नं.:    मोबाईल नं.:

ठेगानाः

इमेलः

नागरिकता नं.:

........................................
निवेदक (सदस्य)को दस्तखत

---

## कार्यालय प्रयोजनको लागि

| | |
|---|---|
| निवेदन प्राप्त मितिः | निवेदन रुजु/दर्ता गर्नेः |
| दस्तखत जाँचः | निवेदन स्वीकृत गर्नेः |
| कार्डको लागि निवेदन पठाउनेः | कार्ड नं.: |
| कार्ड बनाएको मितिः | कार्ड वितरण मितिः |

**श्रमज्योति डेविट कार्ड प्रयोगको शर्त तथा बन्देजहरु आवेदन फारम**

१. सदस्यले भरिएका विवरणहरु झुट्टा वा कार्डको दुरुपयोग गरिएको पाईएमा, संस्थाले सदस्यलाई जारी गरिएको कार्ड खारेज गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

२. कार्ड वा कार्डवाट हुने सम्पूर्ण कारोवारहरुको शुल्क तथा कारोवार रकम कार्ड निवेदन फाराममा उल्लेखित खातावाट काटिने छ।

३. कार्ड वाहक सदस्यले कार्डद्वारा गरिने कारोवार आफ्नो खातामा नियमित रुपमा यकिन गर्नु पर्दछ । कार्ड कारोवारवाट उत्पन्न भुक्तानी सदस्याहरु कारोवार मितिले १५ दिनभित्र मुख्य कार्यालय वा सम्वन्धित सेवा केन्द्रमा गई लिखित जानकारी दिई सक्नु पर्नेछ । कार्ड वाहक सदस्यले गरेको ढिला जानकारीवाट उत्पन्न हुने भुक्तानी समस्यामा संस्था जवाफ देही हुने छैन ।

४. सदस्यले कार्ड सेवा नियमित गर्न नचाहेमा वा नविकरण गर्न नचाहेमा, कार्डमा उल्लेखित कार्ड समाप्ति अवधि भन्दा कम्तिमा ७ दिन अगाडी मुख्य कार्यालय वा सम्वन्धित सेवा केन्द्रमा गई निवेदन पेश गर्नु पर्नेछ ।

५. सदस्यलाई प्रदान गरिएको कार्ड र पिनको सुरक्षाको जिम्मा सदस्य स्वयम्को हुनेछ । कार्ड वाहक सदस्यले आफ्नो परिचयात्मक नम्बर (पिन) र कार्ड अरुलाई भन्न वा दिनु हुँदैन । उक्त कार्ड वा पिनवाट सदस्यको जानकारी वा विना जानकारी हुने सम्पूर्ण कारोवाहरुको दायित्व सदस्य स्वयम्को हुनेछ ।

६. निवेदन फाराममा उल्लेखित शर्त तथा वन्देजहरु कुनै पनि सयम संस्थाले पूर्व सूचना वा विना पूर्व सूचना फेरबदल गर्न सक्ने छ । उक्त फेरबदलहरु यस संस्थाका सम्पूर्ण कार्ड वाहक सदस्यहरुलाई लागु हुनेछ ।

७. सदस्यलाई जारी गरिएको कार्ड नेपाल राष्ट्र वैंक तथा नेपाल सरकारको नियम, कानुनको अधिनमा रहेर प्रयोग गरिएको हुनुपर्दछ । अन्यथा नेपाल सरकारको प्रचलित कानुन अनुसार दण्ड र सजायको भागिदार हुनु पर्नेछ ।

८. सदस्यले संस्थावाट प्रदान गरिने कार्ड र पिन प्राप्त गरेको २४ घण्टा पछि मात्र सुचारु हुनेछ । कार्ड सेवा खारेज गर्नुपरेमाा कार्ड वाहक सदस्यले मुख्य कार्यालय वा सम्वन्धित सेवा केन्द्रमा गई लिखित निवेदन पेश गर्नु पर्नेछ ।

९. विदेशी मुद्रा सम्वन्धि नियम तथा विनियमहरुको वर्खिलाप कारोवारको लागि कार्ड प्रयोग भएको पाईएमा सदस्य स्वयम् जवाफदेही हुनु पर्नेछ ।

१०. कार्ड वा पिन हराएमा, चोरी भएमा, विग्रिएमा, नाश भएमा त्यसको जानकारी दिई कार्ड सेवा अस्थायी रुपमा वन्द गरिएको एकिन गर्ने जिम्मा सदस्य स्वयम्को हुनेछ । कार्डको अस्थायी सेवा वन्द हुनु भन्दा अगाडी कार्डवाट भएका कारोवारहरुको जवाफदेही संस्था हुनेछैन।

११. माछापुच्छ्रे वैंकको ए.टि.एम. मेशिन प्रयोग गर्दा अन्य कुनै अतिरिक्त शुल्क लिईने छैन ।

१२. संस्थाले असल नियत र विश्वासले कार्ड जारी गरेको अवस्थामा जारी कार्ड वा सो को प्रयोगवाट उत्पन्न हुने नोक्सानीहरु, दावी कार्यहरु, प्रकृयागत खर्चहरु, लागत तथा अन्य खर्चहरुको हर्जाना काडं वाहक सदस्य स्वयम्ले व्यहोर्नु पर्नेछ ।

१३. कार्ड प्रयोग गरि कार्ड वाहक सदस्यले नगद झिक्न सक्ने सीमा तोक्ने अधिकार संस्थामा निहित रहन्छ ।

१४. यी अवस्थाहरुमा कार्डको मान्यता समाप्त भई कार्ड फिर्ता लिने अधिकार संस्थामा निहित हुनेछ ।

क) खातावन्द गरेमा

ख) कार्डवाहक सदस्यको मृत्यु भएमा

ग) संस्थाले जुनसुकै कारणले कार्ड रद्ध गरेमा

१५. यदी आदेश गरिएको कार्ड ६० दिनभित्र कार्ड वुझि नलिएमा उक्त कार्ड रद्ध गरि संस्थाको नियम वमोजिम लाग्ने दस्तुर असुल उपर गरिनेछ ।

१६. संस्थाले तलका अवस्थामा बाहेक सदस्यको व्यक्तिगत विवरण तथा खाताको जानकारीहरु गोप्य राख्ने व्यहोरा सदस्यले मंञ्जुर गर्दछ ।

क) प्रचलित कानून, सरकार तथा सम्वन्धित निकाय र नियमन निकायलाई सदस्यको व्यक्तिगत तथा खाताको विवरण उपलव्ध गराउन आवश्यक भएमा ।

ख) जालसाझी तथा धोखा धडीलाई रोक्नका लागि जानकारी गराउनु पर्ने भएमा ।

ग) सेवा उपलब्ध गराउने उद्देश्यका लागि संस्थाको निर्णय बमोजिम सेवा प्रदायकलाई कुनै जानकारी गराउनु पर्ने भएमा ।

घ) सम्वन्धित सुचना तथा जानकारीहरु प्रचलित कानून बमोजिम आधिकारिक संस्थालाई उपलब्ध गराउनु पर्ने भएमा ।

१७. माथि उल्लेखित सम्पूर्ण सर्त तथा वन्देजहरु पूर्णरुपमा पढी, जानी वुझिलिई मञ्जुरीको लागि दस्तखत गरिदिएको छु/छौं ।

................................

निवेदक सदस्यको दस्तखत

नाम : ..........................................

मिति : ..............................................